राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

# प्रेस विज्ञप्ति

२०७६ जेठ २०

## पक्राउ गरी यातना दिइएको सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण ।

नेपालका लागि नेपाली नामक संस्थाका पदाधिकारी तथा अभियान्ताहरु ज्ञानेन्द्र बहादुर शाही लगायत ९ जनालाई प्रहरीद्वारा सुर्खेत जिल्लाबाट पक्राउ गरी कुटपीटबाट घाइते भएको भनी आयोगमा पर्न आएको उजुरी सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्रहरीको कुटपीटबाट घाइते भई वीर अस्पतालको ट्रमा सेन्टरमा उपचाररत ज्ञानेन्द्र बहादुर शाहीको स्वास्थ्य अवस्था सम्बन्धमा आयोगको टोलीले मिति २०७६ जेठ १७ गते अनुगमन गरेको छ । प्रहरी हिरासतमा कुटपीटका कारण शाहीको खुट्टामा चोट लागेको र निजलाई पक्राउ गर्दा पक्राउ पुर्जी नदिएको आयोगको प्रारम्भिक अनुगमनबाट पाइएको छ । यस सम्वन्धमा आयोगले थप अनुसन्धान गरीरहेको छ ।

शान्तिपूर्ण सभा सम्मेलन गर्न पाउने अधिकारको सम्मान गर्न, प्रहरीको यातनाका कारण घाइते भएका शाहीको प्रभावकारी स्वास्थ्य उपचार गर्न, घरपरिवारलाई भेटघाटको व्यवस्था मिलाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई
सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org